# *लू* उपन्यासमा प्रतिरोधको अवस्था

**उपप्रा.चतुर्भुजलाल दास केवरत**

[1]Assistant Professor, Patan Samyukta Campus, Tribhuvan University

**Article History:** *Submitted:* 29 January 2025; *Reviewed:* 29 February 2025; *Revised:* 13 March 2025; ***Corresponding Author:*** cldkewrat@gmail.com

Copyright 2025 © The Author(s). The publisher may reuse published articles with prior permission of the concerned author(s). The work is licensed under a Creative Commons Attribution 4.0 International License (CC BY-NC4.0).

**DOI:** https://doi.org/10.3126/spectrum.v3i1.77375

**लेखसार**

प्रस्तुत लेख *लू* (२०७२) उपन्यासमा प्रतिरोधको अवस्था विषयवस्तुमा केन्द्रित रहेको छ। प्रतिरोध सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने अध्ययनीय विषयवस्तु हो जसको सम्बन्ध शक्तिविमर्शसँग रहेको हुन्छ। सामाजिक संरचनामा विभिन्न संस्थानमा शक्ति छरिएको हुन्छ। *लू* उपन्यासमा सीमावर्ती नेपालीहरू सीमावर्ती भारतीय नागरिक, प्रहरी, नेता तथा गुन्डाहरूबाट पीडित प्रताडित रहेका विषयवस्तुको वस्तुपरक चित्रण गरिएको छ। यस उपन्यासमा भारत पक्षधर नागरिक, सीमासुरक्षा बल, नेता तथा गुन्डाहरूले नेपाल र नेपालीलाई कमजोर ठानेर हेप्ने, हत्या गर्ने, सीमास्तम्भ सारेर जग्गा अतिक्रमण गर्ने वास्तविकतालाई उजागर गरिएको छ। पूर्वाध्ययनबाट अन्तराल पत्ता लगाई प्रस्तुत शीर्षकमा हालसम्म प्राज्ञिक अध्ययन नभएकोले प्रस्तुत अध्ययन गरिएको हो। *लू* उपन्यासमा कमजोर पात्रका प्रतिरोधको अवस्थाको अध्ययन गर्नु नै यस लेखको उद्देश्य रहेको छ। प्रस्तुत अनुसन्धानको लागि पुस्तकालयीय कार्यबाट सामग्रीसङ्कलन गरिएको छ। यस लेखमा *लू* उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ। त्यसैगरी *लू* उपन्यासबारे यसभन्दा पहिले लेखिएका, प्रकाशित एवम् अप्रकाशित समीक्षा, समालोचना, अनुसन्धान, गोष्ठीपत्र आदि तथा प्रतिरोधको सैद्धान्तिक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। अनुसन्धानलाई वस्तुपरक र व्यवस्थित किसिमले अर्थापन गर्नका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ। विवेच्य उपन्यासमा भारतीय पक्षका दमनकारी व्यवहार र ज्यादती एवम् मनपरीतन्त्र देखाइएको छ भने नेपाल पक्षधर प्रहरी कर्मचारीको भारतीय सुरक्षाबलको दलालीपन तथा नागरिकले भारतीय ज्यादतीका विरुद्धमा सशक्त विरोध गरेको प्रतिरोधी स्वर मुखरित भएके छ।

***शब्दकुञ्जी:*** दमन, अधीनस्थता, शक्तिसम्बन्ध, प्रभुत्व, प्रतिकार

## विषयपरिचय

*लू* उपन्यासमा मूलभूत रूपमा मधेसको विपन्न वर्गीय समुदायको आर्थिक पछौटेपन र सीमावर्ती मधेसी समुदायको आर्थिक अभावका कारण उत्पन्न कष्टकर जीवनशैलीको चित्रण गरिएको छ । *लू* उपन्यास सामाजिक यथार्थवादी उपन्यासकार नयनराज पाण्डेद्वारा लेखिएको सामाजिक उपन्यास हो । यस उपन्यासमा सीमावर्ती विपन्न वर्गीय नेपालीहरूले खुला सिमानाका कारण भोग्नु परेका पीडा, सन्त्रास, चेलीबेटीका अस्मिताहरण, नेपाल र भारत दुवैतिरका राजनीतिकर्मी एवम् सीमाप्रहरी तथा सुरक्षाकर्मीका अपवित्र साँठगाँठका गतिविधिलाई तथ्यपरक ढङ्गबाट प्रस्तुत गरिएको छ। प्रस्तुत उपन्यासमा दुवैतिरका व्यापारीका चोरी निकासीपैठारीका सन्दर्भ, नेपाली राजनीतिकर्मी र भारतीय आपराधिक गिरोह बिचका अनैतिक गठजोडलाई उपन्यासकार पाण्डेले चित्रण गरेका छन् ।

यसका साथसाथै सीमावर्ती भारतीय बजारमा सामान किन्न गएकी नेपाली चेली कमला भारतीय सीमामा सुरक्षार्थ खटिएका प्रहरीहरूबाट बलात्कृत भएकी अमानुषिक क्रियाकलापको यथार्थ चित्रण गरिएको छ । विश्लेष्य उपन्यासमा भारतीय प्रहरीलाई नेपाली नागरिकले प्रतिकार गर्दाखेरि नेपाली प्रहरी अधिकृतले भारतीय गुन्डा शम्भुरामलाई र भारतीय सब इन्सपेक्टर अमरपाल सिंहलाई नेपाल प्रहरीको गाडीमा सुरक्षित राखेर अघिअघि नेपालको प्रहरी हबलदारको गाडी र पछिपछि नेपाली इन्सपेक्टरको गाडीले स्कर्टिङ गरेर अपमानजनक र लज्जास्पद व्यवहार गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । भारतीय सुरक्षा बल, प्रहरी र भारतीय आपराधिक गिरोहको नाइके शम्भुरामलाई नेपाल प्रहरीका हबलदार र इन्सपेक्टरले स्कर्टिङ गरी सुरक्षा प्रदान गरेको सन्दर्भ चित्रित छ । यस उपन्यासमा सीमावर्ती भारतीय अपराधकर्मीहरू नेपालका सीमावर्ती इलाकामा खुलेआम गुन्डागर्दी गर्नुका साथसाथै हत्या, हिंसा, लुट र आतङ्क मच्चाएर त्रास फैलाएको सन्दर्भलाई वस्तुपरक किसिमबाट प्रस्तुत गरिएको छ। चरम गरिबीको कारण विपन्न वर्गीय नेपाली परिवार गोबरी र मुनियाले बाँच्नका निम्ति आफ्नी अबोध कान्छी छोरीलाई सीमापारिको भिन्गा बजारको सर्कसवाला मालिककहाँ बीस हजार रुपियाँमा बेच्नु परेको हृदयविदारक तथ्य चित्रण गरिएको छ । यसले सामाजिक यथार्थको प्रकटीकरण गरेको भए पनि यसमा गतिशील यथार्थको भने अभाव रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत अनुसन्धानमा पुस्तकालयीय कार्यबाट सामग्री स॑लन गरिएको छ । प्रस्तुत अनुसन्धानमा उपन्यासकार नयनराज पाण्डेद्वारा लिखित *लू* उपन्यासलाई प्राथमिक सामग्रीको

रूपमा उपयोग गरिएको छ भने प्रतिरोधसँग सम्बन्धित सैद्धान्तिक विषयवस्तुलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । यस अनुसन्धानको लागि पुस्तकालयीय कार्यबाट अध्ययनीय सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अनुसन्धानलाई अर्थापनको निम्ति पाठविश्लेषण विधिको उपयोग गरिएको छ । प्रस्तुत अध्ययन *लू* उपन्यासमा सीमान्तीकृत पात्रका प्रतिरोधी अवस्थाको प्राज्ञिक विश्लेषणमा केन्द्रित रहेको छ ।

## सैद्धान्तिक आधार र विश्लेषण ढाँचा

सांस्कृतिक अध्ययनअन्तर्गत प्रयुक्त 'प्रतिरोध' अङ्ग्रेजी शब्द रेजिस्टेन्स (resistance) को नेपाली रूपान्तरण हो । सांस्कृतिक अध्ययनको सन्दर्भमा यस 'प्रतिरोध' शब्दले विरोधलाई जनाउँदछ । यसले कुनै विषयवस्तु प्रतिको प्रतिक्रियालाई इङ्गित गर्दछ । सामाजिक संरचनामा यसले विचार तथा भावना प्रतिको असहमति र असंलग्नतालाई जनाउँदछ । सामाजिक विमर्शात्मक संरचनामा यसको सहसम्बन्ध शक्ति र प्रभुत्वसँग जोडिएको हुन्छ । यसमा सम्झौताभन्दा पनि चुनौती स्वीकार गरिन्छ । सांस्कृतिक विमर्शको सन्दर्भमा जहाँ प्रभुत्वशाली संस्कृति पक्षधरले आफ्ना मूल्यमान्यता, वैचारिकता थोपर्ने प्रयास गर्छ त्यहाँ अधीनस्थ संस्कृति पक्षधरले विरोध गर्छ । सांस्कृतिक अध्ययनका विद्वान्हरूले प्रतिरोधलाई वर्गद्वन्द्व, वैचारिक सङ्घर्ष या प्रतिप्रभुत्वशाली गुटहरूका सन्दर्भमा अर्थ्याएका छन् (Barker, 2004, p. 178) । समाजमा विभिन्न एकाइहरू हुन्छन् । कुनै पनि समाजमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिकजस्ता विविध एकाइहरू हुन्छन् । ती सबैमा शक्तिसम्बन्ध गाँसिएको हुन्छ ।

सामाजिक संरचनाका विभिन्न एकाइहरू द्वैचर विभाजनमा हुन्छन् । शासन गर्ने सन्दर्भमा शासक वर्गले हिंसा, दमन र सहमतिको उपकरण प्रयोग गर्छ । प्रतिरोधले कुनै विषयवस्तु प्रतिको अपमानजनक, हैकम र शत्रुतापूर्ण प्रवृत्तिका विरुद्धको सङ्घर्षलाई इङ्गित गर्दछ । यो सामाजिक संरचनामा विद्यमान प्रभुत्वशाली संरचनामा रहेका मूल्यहरू एवम् विचारहरूका विरुद्धको एक किसिमको विद्रोह हो । यसले मानवका स्वतन्त्रता, मर्यादाका पूर्तिको खोजी गर्दछ । प्रतिरोधमा वर्चस्वशाली प्रवृत्तिहरू जस्तै नियन्त्रण, दमन तथा यातनाजस्ता समस्याहरूको उठान गरिन्छ (Singh, 2020, p. 218) । सामाजिक संरचनामा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक हिसाबले कमजोर अनि सत्ता संरचना तथा शक्तिसम्बन्धका हिसाबले निर्बलिया वर्ग, समूह, जाति, लिङ्ग, भेगका मानिसहरूले बलियाका असमान व्यवहार, दमन, हिंसाजस्ता गैरन्यायिक क्रियाकलापका विरुद्धमा आवाज बुलन्द गर्नु प्रतिरोध हो । कमजोर पक्षले विभिन्न किसिमबाट शक्तिशाली पक्षधरका विरोधमा प्रतिक्रिया जनाउँछन् । सांस्कृतिक विमर्शको सन्दर्भमा प्रतिरोध भनेको शासक वर्गको विरोधमा कडा प्रतिक्रिया जनाउनु हो । यस्तो प्रतिक्रिया बोलेर वाचिक तहमा अनि शारीरिक आक्रमण, प्रत्याक्रमण गरेर शारीरिक

तहमा समेत अभिव्यञ्जित हुन सक्तछ । उपन्यासमा सामाजिक विषयवस्तुको प्रस्तुतीकरण भएको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रहरू पनि समाजकै सदस्य हुन्छन् । ती पात्रहरू शक्ति विमर्शका हिसाबले कि त शक्तिशाली वर्ग, जाति, समूह र लिङ्गसँग आवद्ध हुन्छन् कि त कमजोर वर्ग, जाति, समूह र लिङ्गसँग जोडिएका हुन्छन् । पाठमा प्रयुक्त कमजोर पात्रहरू शक्तिशाली पात्रका विभिन्न ज्यादती, दमन, हिंसा, अन्याय, अत्याचार, अमर्यादित व्यवहार र अपमानका विरुद्ध कडा अभिव्यक्ति दिनु, विभिन्न खालका विरोधको स्वर उराल्नु प्रतिरोध हो ।

## विमर्श

प्रतिरोधअन्तर्गत सीमान्तीकृतका विरोधका गतिविधि एवम् स्वरको सूक्ष्म तवरले केलाएर अध्ययन गरिन्छ । कथ्यवस्तुमा शक्तिविमर्शको दृष्टिबाट कमजोर पात्र प्रभुत्वशाली पात्रका अन्याय, अत्याचार, स्वेच्छाचार, दमन, शोषण र यातनाका गतिविधि सहेर बस्छ कि तिनका विरोधमा कडा प्रतिक्रिया जनाउँछ । प्रतिरोधमा उक्त सन्दर्भको गहन विश्लेषण गरिन्छ । सीमान्तीकृत पात्रका विरोधका क्रियाकलाप एवम् स्वरलाई दुई किसिमबाट व्याख्या गर्नु उपयुक्त हुने देखिन्छ । यसका लागि कायिक प्रतिरोध र वाचिक प्रतिरोधलाई आधार बनाएर गवेषण गर्नु महत्वपूर्ण हुन्छ । *लू* उपन्यासका सीमान्तीकृत पात्रका गतिविधिलाई यिनै कायिक र वाचिक प्रतिरोधका आधारमा व्याख्या गरिएको छ । *लू* उपन्यासमा प्रभुत्वशाली वर्ग, जाति, लिङ्ग, संस्कृति र राष्ट्रका गतिविधि एवम् ज्यादतीलाई अधीनस्थ वर्ग, जाति, लिङ्ग, संस्कृति र राष्ट्रका पात्रले कसरी प्रतिक्रिया व्यक्त गरेका छन् । उक्त विषयवस्तुको प्राज्ञिक विश्लेषण आवश्यक भएकोले यहाँ सोही आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

शक्तिसम्बन्धको आधारमा अभिजात वर्ग, जातीय विमर्शको आधारमा कथित उच्च जातीय पात्र, लैङ्गिक दृष्टिबाट पुरुष र सत्तानिकट संस्कृति अनि राजनीतिक, आर्थिक र सामरिक हिसाबले शक्तिसम्पन्न राष्ट्र प्रभुत्वशाली हुन्छ । त्यहीँनेर निम्न वर्ग, कथित निम्न जातिको पात्र, पितृसत्तात्मक सामाजिक संरचनामा महिला, सत्ताइतर संस्कृति र राजनीतिक, आर्थिक र सामरिक दृष्टिले कमजोर राष्ट्र अधीनस्थ हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा प्रभुत्वशाली पक्षधर वर्ग, जाति, लिङ्ग, संस्कृति र राष्ट्र बलियो हुन्छ र सामाजिक संरचना एवम् समाजका संस्थानमा सोही वर्गको आधिपत्य कायम रहन्छ । विश्लेष्य उपन्यासमा अधीनस्थ वर्ग, जाति, लिङ्ग, संस्कृति र राष्ट्रसम्बद्ध पात्रका विरोधको स्वरलाई वाचिक प्रतिरोध र कायिक प्रतिरोधका रूपमा अध्ययन गरिएको छ ।

**वाचिक प्रतिरोध**

वाचिक प्रतिरोध भनेको आफूलाई असमान र अपमानजनक व्यवहारका विरुद्ध बोलेर विरोध गर्नु हो । शक्तिसम्बन्धमा कमजोर पात्रले शक्तिशाली पात्रका विरोधमा कुराकानी गर्नु, मुखमुखै लाग्नु वाचिक प्रतिरोध हो । वाचिक प्रतिरोध भनेको सीमान्तीकृत पात्रले आफूलाई मन नपरेको विषयवस्तु, अपमानजनक र असमान व्यवहार, होचो अर्घेल्याइँ आदिको ठाडै वा घुमाउरो पाराले असहमति जनाउनु र विरोध गर्नु हो । यसअन्तर्गत पीडकप्रति कटाक्ष, गालीगलौज, विरोध आदि भाव झल्किने भाषाशैलीको प्रयोग गरिन्छ । यसमा सीमान्तीकृत पात्रले अप्रिय र असह्य क्रियाकलापप्रति वाचिक तहमा आक्रोश पोख्ने कामसमेत गर्दछ । *लू* उपन्यासमा वाचिक प्रतिरोधको सटीक प्रस्तुतीकरण गरिएको छ। यहाँ केही साक्ष्यका आधारमा वाचिक प्रतिरोधको अवस्थालाई प्रस्ट्याउनु उपयुक्त हुन्छ ।

*लू* उपन्यासमा केन्द्रीय चरित्र इलैयाको बुबा नन्दुले सीमापारको नानपारामा सर्कसमा काम गर्ने चमेलीलाई कान्छी श्रीमतीको रूपमा घरमा भित्र्याएको सन्दर्भ छ। नन्दुले चमेलीलाई घरमा भित्र्याएपछि इलैया चमेलीलाई कान्छी आमाको रूपमा स्वीकार गर्न असहमत भई चमेलीप्रति पोखेको आक्रोशलाई उपन्यासकारले यसरी अभिव्यक्त गरेका छन्, "चमेलीको विषयमा कुरा उठ्यो कि ऊ ठाडठाडै जवाफ दिन्थ्यो, रन्डी न कसैकी स्वास्नी हुन सक्छे न कसैकी माई हुन सक्छे । त्यो गिरस्थी गर्न आएकी हैन, मेरो बाउलाई लुट्न आएकी हो" ( पाण्डे, २०७२, पृ.३९) । यस साक्ष्यमा इलैयाले आफ्ना बुबामाथिको आक्रोश आफ्नी कान्छीआमाप्रति पोखेको प्रस्ट छ । इलैया नन्दु र हरदेईको छोरो हो । हरदेईको मृत्युपश्चात् नन्दु र इलैयाको सम्बन्ध कटुतापूर्ण भएकोले इलैयाले बाबुले कान्छीआमा ल्याएकोप्रति रिस पोखेर विरोध गरेको हो । बहराइचमा सर्कसमा काम गर्ने र त्यहाँ बजारमा बदनाम भैसकेकी महिला चमेलीलाई आफ्नो बुबाले श्रीमतीको रूपमा भित्र्याए पनि इलैया चमेलीलाई आमाको रूपमा स्वीकार्नुभन्दा पनि केवल चरित्रहीन आइमाई ठानेर तथानाम गाली गरेको हो । यस सन्दर्भमा चमेली महिला भएकीले इलैयाले आफ्नो पितृसत्तात्मक रोबको प्रदर्शन गरेको हो भनी अर्थ्याउन पनि सकिन्छ। शक्तिसम्बन्धको हिसाबले महिला पात्र चमेली कमजोर भएकीले उसले पुरुष पात्र इलैयाको विरोधलाई चूपचाप सहन बाध्य भएकी हो । शक्ति व्यक्ति मात्रमा सीमित नरहेर सामाजिक संस्थाहरू, संस्कृति, रीतिरिवाजलगायत विविध माध्यमबाट प्रयुक्त हुन्छ (गौतम, २०७१, पृ. ११३)। यस सन्दर्भमा पितृसत्तात्मक विचारधाराको माध्यमबाट इलैयाले चमेलीमाथि प्रतिरोधी स्वर प्रयोग गरेको प्रस्ट हुन्छ ।

विश्लेष्य *लू* उपन्यासमा सहायक महिला पात्र मुनियाँले आफ्नो पति गोबरीको मनमानी व्यवहारको विरोध गरेकी विषयवस्तु छ। उसको लोग्ने गोबरी गाउँको भट्टीमा रक्सी

खाएर पछि पसलेहरू मुनियाँकोमा रुपैयाँ असुल्न आउँदा मुनियाँले त्यसप्रति कडा प्रतिक्रिया जनाउँदै भन्छे, "सहनै नसकिने भएपछि उसले विद्रोह गरी । एक दिन गाउँभरि घुमेर सबै दुकानदारहरूलाई भनी, गोबरीले खाएको रिन गोबरीले नै तिर्छ । म तिर्न सक्दिनँ । मलाई सोधेर उधारो दिएका थियौ" (पाण्डे, २०७२, पृ. ५४) । यस साक्ष्यमा गोबरी मुनियाँको पति भएकोले सामाजिक मान्यताअनुसार उसले पतिको मानसम्मान गर्नुपर्ने हो । तर पति जँड्याहा भएर आफ्नो परिवारप्रति बेवास्ता गरेर गाउँका सबै भट्टीमा उधारोमा रक्सी खाँदैं हिँड्ने गरेको प्रति मुनियाँले असहमतिको भाव पोख्तै विद्रोह गरेकी प्रस्ट छ । पितृसत्तात्मक सामाजिक संरचनामा शक्तिविमर्शको दृष्टिबाट मुनियाँको पति गोबरी प्रभुत्वशाली स्थानमा रहेको छ । शक्ति समाजका विभिन्न तहमा, संस्थामा र पारिवारिक सम्बन्धमा छरिएको हुन्छ (Foucault, 2003, p. 35) । शक्ति भएकै ठाउँमा प्रतिरोध हुन्छ । यस सन्दर्भमा गोबरीले पितृसत्तात्मक शक्तिको दुरूपयोग गरेको स्पष्ट छ । पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा मुनियाँको पति गोबरी शक्तिशाली भए पनि उसले आफ्नो पारिवारिक दायित्व र जिम्मेवारी बोध गरेको देखिँदैन । ऊ गाउँका भट्टीमा जथाभावी रक्सी खाँदै हिँडेकोले त्यसबाट विरक्तिएर मुनियाँले गाउँका सबै भट्टी पसलेहरूलाई पतिले रक्सी खाएको उधारो नतिर्ने चेतावनीको भाषा प्रयोग गरेकी हो । गोबरी आफ्नो घर, परिवार र बच्चाबच्चीप्रति गैरजिम्मेवार भएकोले मुनियाँ यस्तो विरोध गर्न बाध्य भएकी देखिन्छ । यस सन्दर्भमा मुनियाँको सशक्त वाचिक प्रतिराधी स्वर प्रकट भएको छ ।

*लू* उपन्यासको कथ्यवस्तुमा चरम गरिबी र अभावका कारण गोबरी र मुनियाँले सीमापारिको भिन्गा बजारको सर्कसवालालाई आफ्नी छोरी बेच्न खोज्दा इलैयाले विरोध गरेको सन्दर्भ छ । उपन्यासको कथावस्तुमा इलैयाले उक्त मानव बेचबिखनको विरोध गर्दा मुनियाँको प्रतिक्रियालाई यसरी अभिव्यक्त गरिएको छ, "अनि चिच्याई मुनियाँ, साले इलैया । हामी भोकभोकै मर्न लागिसक्यौँ । कि हामीलाई तैँले खान दे कि हामीलाई छोरी बेच्न दे" (पाण्डे, २०७२, पृ. ५६) । यस साक्ष्यमा गोबरी र मुनियाँको आर्थिक पछौटेपन मुखरित भएको छ । चरम गरिबी र अभावका कारण भोकमरीको मार खेपिरहेका गोबरी र मुनियाँले आफ्नी कान्छी छोरीहरू सर्कसवालाकोमा बेच्न लाग्दा इलैयाले त्यसको विरोध गरी गोबरीलाई पिटेकोले मुनियाँले उक्त क्रियाकलापको डटेर विरोध गरेकी हो । प्रस्तुत साक्ष्यमा निम्न वर्गीय मुनियाँले इलैयालाई गाली गर्नुका साथै सशक्त विरोध गरेकी कथ्यलाई उजागर गरिएको छ । यस कथनमा मुनियाँको वाचिक प्रतिरोध प्रयुक्त छ ।

*लू* उपन्यासमा भारतीय सीमावर्ती बजारमा भेटनरीको औषधि किनेर फर्किँदै गरेकी कमला भारतीय सिमानामा बसेका सिपाहीहरूबाट बलात्कृत भएकी कथावस्तु छ । भारतीय

सिपाहीहरूबाट बलात्कृत भएकी कमला गर्भवती भएकीले उसका आमाबाबुले कमलालाई गर्भ तुहाउनभन्दा कमला भन्छे, "कमलाका लाचार बाउआमाले छोरीको गर्भ तुहाउन खोजे । तर नियतिको यो क्रुरतालाई स्वीकार गरिसकेकी कमलाले कुन शक्तिले हो कुन्नि, सबैको अगाडि घोषणा गरी, म बच्चा गिराउँदिन" (पाण्डे, २०७२, पृ. ५९) । प्रस्तुत साक्ष्यको पूर्वापर प्रसङ्गलाई अध्ययन गर्दा के प्रस्टिन्छ भने कमला भारतीय सिमानामा सुरक्षा जाँचको लागि बसेका सिपाहीहरूबाट बलात्कृत भई अनिच्छित गर्भधारण गरेकी हो । यस सन्दर्भमा नेपालका सीमावर्ती मानिसहरू सीमावर्ती भारतीयबाट पीडित, प्रताडित रहेका छर्लङ्ग हुन्छ । पत्थरपुवाका सीमान्तीकृत मानिसहरू भारतीय प्रभुत्वशाली वर्गको दमन, शोषण, अन्याय र अत्याचारबाट ग्रसित रहेका छन् (कार्की, २०७२, पृ. ६५) । यस साक्ष्यमा कमलाले आफ्ना आमाबाबुको कुरालाई अस्वीकार गरेर अनिच्छित गर्भ संरक्षण गर्ने प्रतिक्रिया व्यक्त गरेकी छ । कमलाले समाज, नैतिकता, आमाबाबुका सामाजिक प्रतिष्ठा र इज्जतको पर्वाह नै नगरी आफ्नो गर्भ नतुहाउने दृढ अभिव्यक्तिबाट उसको वाचिक प्रतिरोधको अवस्था प्रस्टिएको छ । कमला आफ्ना आमाबाबुको आदेशको पालना नगरी आफूले गर्भको बच्चा नगिराउने दृढ अभिव्यक्तिबाट उसको वाचिक प्रतिरोधको अवस्था अभिव्यञ्जित भएको छ ।

*लू* उपन्यासमा महिला पात्र रामप्यारीले पुरुषका कामुक प्रवृत्तिप्रति कटाक्ष प्रयोग गरेकी कथ्यवस्तु छ । उपन्यासमा रामप्यारीको पुरुषप्रतिको कटाक्ष यसरी प्रस्तुत गरिएको छ, "रामप्यारी लाज पचाएरै भन्छे, हे भगवान्, यो कात्तिक महिना कहिले पनि नआओस् । यो महिना त सबै मर्द कुत्ता भैहाल्छन् । दिनभरि गाउँमा कुत्ताहरूको तमासा हेर्छन् । अनि राति मेहरारू (स्वास्नी)लाई कुतिया बनाउँछन्" (पाण्डे, २०७२, पृ. ७२) । यस साक्ष्यमा पुरुषका कामुक प्रवृत्तिप्रति विरोधी स्वर सुसेलिएको छ । प्रस्तुत साक्ष्यमा कार्तिक महिनामा कुकुरहरू सडक, मैदान जताततै जोल्ठिएको देखेर पुरुषहरू झन् बढी उत्तेजित भई रतिक्रीडामा लीन हुने सन्दर्भ उद्घाटित छ । यस साक्ष्यमा पुरुषहरू महिलासँग शारीरिक सम्पर्क गर्दाखेरि आफ्ना महिला साथीका इच्छा विपरीत पनि यौनक्रिया गर्ने प्रति असन्तुष्टिको जाहेर गर्दै विरोधको आशय प्रकट गरिएको छ । प्रस्तुत साक्ष्यमा रामप्यारीलाई महिलाहरूको प्रतिनिधि पात्रको रूपमा उपस्थापन गरिएको छ । यस अभिव्यक्तिको माध्यमबाट पुरुषका आफू खुसी यौनक्रिया गर्ने विषयवस्तुप्रति असहमति जनाइएको प्रस्ट हुन्छ ।

*लू* उपन्यासमा असमान सामाजिक व्यवहार र दमनकारी व्यवहारप्रति विरोधको भाव मुखरित भएको छ । उपन्यासमा महेसरले आफ्नी छोरी देवकीलाई भारतको सीमावर्ती नानपाराको बासिन्दा वंशीधरको छोरासँग विवाह गराउने कुराकानी अगाडि बढाएको सन्दर्भ छ । महेसरले भारतीय सीमा सुरक्षाकर्मीले जडिबुटी बेच्ने जुम्लीलाई कुटेको देख्ता उसको मन

कुँडिन्छ र ऊ स्वयम् प्रतिरोधसमेत गर्छ । त्यसैगरी भारतीय एसएसबीबाट आफैँ कुटिएपछि भारतमा छोरी बिहे गराउने उसको विचारमा परिवर्तन आएको सन्दर्भ यसरी प्रस्तुत गरिएको छ, “उसले दाइजोको लिस्ट वंशीधरकै अगाडि च्यातेर फालिदियो र रूखो स्वरमा भन्यो, अब मेरी छोरी त के, मेरो सात पुस्तालाई पनि इन्डियामा बिहे गरेर पठाउँदिनँ” (पाण्डे, २०७२, पृ. १०९) । यस साक्ष्यमा महेसरले आफ्नी छोरीको लागि विवाहको सम्बन्ध कायम गर्न आएका भारतीय नागरिक वंशीधरको अगिल्तिरै वंशीधरले ल्याएको दाइजोको सूची च्यात्नुमा विरोधको भाव इङ्गित भएको छ । प्रस्तुत साक्ष्यको पूर्व प्रसङ्गमा महेसर भारतीय प्रहरीहरूबाट प्रताडित भएको कथावस्तु छ । यसका साथै भारतीय सिपाहीहरूले सिमानामा एकजना जुम्लीलाई कुटपिट गरेको दृश्य अवलोकन गरेको पीडादायी र अपमानजनक व्यवहार अवलोकन गरेको हुन्छ । त्यतिमात्र नभएर भारतीयहरूले दशगजा सारेर नेपाली भूभाग भारततिर पार्दा एसएसबीलाई भेट्न गएको महेसर भारतीय एसएसबीको कुटाइसमेत खाएकाले महेसरको भारतीयहरूलाई हेर्ने दृष्टिकोण नै नकारात्मक भएको छ । यस्तो मानसिकताको विकास भइसकेको बेला वंशीधर दाइजोको लिस्ट लिएर महेसरलाई भेट्न आएकोले महेसर क्रोधित भएर उपर्युक्त कथन अभिव्यक्त गरेको हो । यस कथनमा महेसरको भारतीयहरू प्रतिको वाचिक प्रतिरोध व्यक्त भएको हो ।

नेपाल र भारत दुवै सार्वभौमसत्तासम्पन्न मुलुक भए पनि भारतले नेपाल र नेपाली नागरिकप्रति हेपाहा व्यवहार गरेकोले महेसरले आफ्नी छोरी मात्र नभई सात पुस्ता पछिसम्म भारतीय नागरिकसँग विवाह नगराउने अडान लिएको स्पष्ट छ । शक्तिविमर्शमा शक्तिशाली व्यक्ति, वर्ग, जाति, लिङ्ग र राष्ट्रले आफूभन्दा कमजोर व्यक्ति, वर्ग, जाति, लिङ्ग र राष्ट्रलाई असमान र अपमानजनक व्यवहार गर्छ । भारतीयहरूले नेपाल र नेपालीहरूलाई कमजोर ठानेर अनधिकृत रूपमा नेपाल प्रवेश गर्ने, नेपाल भित्र पसेर नेपालीलाई कुटपिट गर्ने, सीमास्तम्भ सारेर नेपाली भूभाग कब्जा गर्नु भनेको भारतीयहरूको प्रभुत्वशाली व्यवहार हो । यस्तो अवस्थामा नेपाली नागरिक निरीह र सीमान्तीकृत देखिन्छ । यस साक्ष्यमा उपन्यासकार पाण्डेले सबाल्टर्न पात्र महेसरको माध्यमबाट नेपाल र नेपालीको सीमान्तीय अवस्थाको उद्बोधन गरेको प्रस्ट छ । यस साक्ष्यमा महेसरको वाचालताको अवस्था मुखरित भएको छ । साहित्यमा सबाल्टर्न वाचाल हुन्छ (श्रेष्ठ, २०६८, पृ. ४४) । भौगोलिक तथा सामरिक हिसाबल भारत नेपालभन्दा प्रभुत्वशाली भए पनि नेपाल स्वतन्त्र र सार्वभौम सत्तासम्पन्न राष्ट्र भएकोले भारतीयहरूका अपमानजनक र हेपाहा व्यवहार महेसरलाई असह्य भई उसले माथिको कथनमार्फत् कडा विरोध जनाएको पुष्टि हुन्छ ।

*लू* उपन्यासमा छिमेकी राष्ट्रको हेपाहा व्यवहारबाट नेपाली नागरिकहरू साह्रै नै दुखी देखिन्छन् । छिमेकी राष्ट्रको दमनकारी व्यवहार स्वाभिमानी नेपाली नागरिकका लागि असह्य भएको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "हाम्रो देशमा अर्को देशको पुलिस बिनाइजाजत हतियार लिएर आउन पाउँछ । आखिर हाम्रो देशको पनि त नियम कानून छ" ( पाण्डे, २०७२, पृ. १३३) । यस साक्ष्यमा स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न देश नेपालका नागरिकले आफ्ना स्वाभिमानको अनुभूति गरेको स्पष्ट छ । छिमेकी राष्ट्रका प्रहरीहरू अनुमति बेगर नेपालभित्र प्रवेश गर्दाखेरि नेपाली नागरिकका चित्त दुखेकाले त्यस्तो व्यवहारप्रति विरोध गरेको अभिव्यञ्जित छ । उपर्युक्त साक्ष्यमा छिमेकी देशका प्रहरीहरू नेपालमा अनधिकृत रूपमा प्रवेश गरेको महेसरलाई मन नपराएर असहमति र असन्तुष्टिको भाव व्यक्त गरेको पुष्टि हुन्छ । मानव चेतनशील प्राणी हो र ऊ आफ्नो व्यक्तिगत, राष्ट्रिय पहिचान एवम् आत्मसम्मान र स्वाभिमानको रक्षाका खातिर जस्तोसुकै शक्तिशाली व्यक्ति र राष्ट्रका पछि विरोध गर्न पछि पर्दैन । यस साक्ष्यमा महेसरको अभिव्यक्तिमा छिमेकी राष्ट्रको प्रहरीका मनपरी व्यवहारप्रति कडा विरोध गरिएको तथ्य प्रकट भएको छ ।

**कायिक प्रतिरोध**

पाठमा प्रभुत्वशाली पात्रले सीमान्तीकृत पात्रमाथि अन्याय, अत्याचार, हिंसा, दमन र शारीरिक यातना दिँदा सीमान्तीकृत पात्रले कडा प्रतिक्रियास्वरूप नाकको प्वाल फ्वाँ फ्वाँ गर्ने, हात, पाखुरा बटार्ने, काम गर्नु कायिक प्रतिरोधको अवस्था हो । यसका साथै सीमान्तीकृत पात्रले विरोधस्वरूप प्रभुत्वशाली पात्रप्रति प्रत्याक्रमण गर्नु, चिथोर्नु, लडाउनु, निमोठ्नु आदि जस्ता शारीरिक आक्रामक क्रियाकलाप यसअन्तर्गत पर्दछन् । विश्लेष्य *लू* उपन्यासमा सीमान्तीकृत पात्रले प्रभुत्वशाली पात्रका विरोधमा कायिक प्रतिरोध जनाएका सन्दर्भहरू प्रयुक्त छन् । यस उपन्यासमा मुख्य पात्र इलैयाले आफ्ना बाबुले कान्छी आमा भित्र्याएको थाहा पाएपछि उसले आफ्ना बुबा नन्दुमाथि आक्रमण गरेको सन्दर्भ यसरी अभिव्यक्त गरिएको छ, "इलैयाले पनि चमेलीको बारेमा थरी–थरीका किस्साहरू सुनेको थियो । त्यसैले उसले त्यस्तीलाई सौतेनी आमाकै रूपमा पनि स्विकार्ने कुरै भएन । चमेलीलाई स्वास्नी बनाएर ल्याएको थाहा पाउने बित्तिकै ऊ नन्दुमाथि छुरी लिएर जाइ लाग्यो । तर छुरी नन्दुको पेटको सट्टा पाखुरामा लाग्यो" (पाण्डे, २०७२, पृ. ३८) । यस साक्ष्यमा इलैयाले आफ्नो पिताजीमाथि छुरी लिएर साङ्घातिक आक्रमण गरेको तथ्य प्रकट भएको छ । इलैयाले आफ्ना बुबाले ल्याएकी महिलाको बारेमा मान्छेबाट नानाभाँतीका कुराहरू सुनेकोले उसको आफ्नी कान्छी आमाप्रति भन्दा पनि त्यस्ती महिलालाई घरमा भित्र्याउने बुबाप्रति आक्रोश व्यक्त गरेको हो । इलैयाले बजारमा टिप्पणी सुनिएकी महिलालाई नै बुबाले सौतेनी आमाको रूपमा

भित्र्याएकोले ऊ रिसाएर आफ्नो बुबालाई तर्साउने उद्देश्यले छुरा प्रहार गरेको पुष्टि हुन्छ । यस सन्दर्भमा इलैयाले आफ्ना बुबा नन्दुमाथि शारीरिक आक्रमण गरेको तथ्य उजागर भएको छ ।

*लू* उपन्यासमा सहायक महिला पात्र मुनियाँले आफ्नो पति गोबरीको रक्स्याहा व्यवहारबाट आजित भएकी देखिन्छ । मुनियाँले पतिलाई पटक पटक सम्झाइबुझाइ गर्दा पनि गोबरीले आफ्नो बानी नसुधारेकोमा उसले पतिलाई धम्कीसहित शारीरिक यातना दिएको सन्दर्भ यसरी प्रस्तुत गरिएको छ,

> यति हुँदा पनि गोबरीलाई राति रक्सी धोकेर आए खाना पनि नदिने घोषणा गरी । वर्षदिनअघिदेखि नै उसले गोबरीसित छोडिसकेकी थिई । यति हुँदा पनि गोबरीले सुध्रिने रौँजति पनि सङ्केत देखाएन । अनि एक दिन मुनियाँलाई सारै झोँक चल्यो । उसले तातो चिम्टाले गोबरीको चाक डामिदिई र धम्क्याई, अबदेखि खाएर आइस् भने यसरी नै चिम्टाले तेरो चुतडमा डामिदिन्छु । (पृ. ५४)

यस साक्ष्यको पूर्वापर प्रसङ्गलाई अध्ययन गर्दा के देखिन्छ भने गोबरी दिनहुँ रक्सी खाएर मुनियाँलाई सताउने, यातना दिने गरेकोले मुनियाँ त्यसबाट साह्रै नै प्रताडित भएकी देखिन्छ । आफ्नो पतिले दिनहुँ रक्सी खाएर आई घरमा कलह गर्ने, मारपिट गर्ने भएकोले मुनियाँले कडा प्रतिवाद गरेकी प्रस्ट छ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाले घरको मालिक पतिलाई अदव साथ व्यवहार गर्नुपर्ने हो तर घरको मालिक गोबरीले लत्तो नै छाडेर अत्यधिक रक्सी सेवन गरी घर आउँदा मुनियाँले उसलाई खाना खान नदिने धम्कीपूर्ण भाषा प्रयोग गरेकी हो । यो मुनियाँको प्रतिरोधको अवस्था हो । मुनियाँले आफ्नो पति गोबरीलाई पटक पटक सम्झाउँदा पनि गोबरीले टेरपुच्छर नलगाएकोले मुनियाँले तातो चिम्टाले आफ्नो पति गोबरीको चाक डामिदिएकी हो । यस सन्दर्भमा मुनियाँले गोबरीमाथि शारीरिक आक्रमण गरेकी प्रस्ट छ । प्रतिरोधअन्तर्गत प्रभुत्वशाली पक्षधरको अन्याय, अत्याचार, दमन, यातना र असमान व्यवहारको विरोध गरिन्छ । प्रतिरोधअन्तर्गत समाजमा विद्यमान द्वेषी र अपमानजनक व्यवहारको विरुद्धमा सङ्घर्ष गरिन्छ (Singh, 2020, p. 218 ) । प्रस्तुत साक्ष्यमा गोबरीको मनपरी व्यवहार र जँड्याहा व्यवहारको मुनियाँले कडा प्रतिरोध गरेकी सन्दर्भ इङ्गित छ । यस उपन्यासमा इलैयाले नेपाली गाउँमा आएर सर्कसमा खेल देखाउन केटाकेटी किन्ने सर्कसवालाहरूलाई हातपात गरेको विषयवस्तु यसरी प्रस्तुत गरिएको छ, ।

> गोबरीले आफ्ना छोरीहरूलाई सर्कसवालाहरूलाई बेच्ने भयो । गाउँमा हल्ला फैलिहाल्यो । इलैयाले पनि यो कुरो थाहा पायो । अनि ऊ चरम आवेशमा

> गोबरीको घरमा गयो । सर्कसवालाहरूलाई बेस्मारी भकुऱ्यो । गोबरीलाई हप्कायो, साले हरामी, आफ्नै छोरीलाई बेच्न खोजेको तैँले ? लौ त हेरूँ, म हुँदाहुँदै तैँले कसरी बेच्दो रहेछस् आफ्नी छोरी । (पृ. ५६)

उपर्युक्त साक्ष्यमा गाउँको टाठो व्यक्ति इलैयाले गाउँमा आएर आफ्नो सर्कसमा प्रयोग गर्ने बच्चा खरीद गर्ने खरीदकर्ता सर्कसवालाहरूलाई कुटपिट गरेको सन्दर्भ अभिव्यञ्जित छ । यस साक्ष्यमा इलैयाको कायिक प्रतिरोधको अवस्था उजागर भएको छ । गोबरीले आफ्नी सानी छोरी बेच्न लागेको प्रति आपत्ति र असहमति जनाउँदै उसले सुरूमा सर्कसवालाहरूलाई शारीरिक यातना दिएको हो । पछि त्यही गतिविधिप्रति व्यापक असन्तुष्टि व्यक्त गर्दै गोबरीलाई खबरदारीको भाषामा चेतावनीसमेत दिएको स्पष्ट छ । इलैयाले सर्कसवालाहरूलाई बेस्मारी कुट्नुमा र गोबरीलाई हप्काउनुमा सशक्त प्रतिरोधको स्वर मुखरित भएको छ । सर्कसवालाहरूले आफ्ना सर्कसको पेसा चलाउनका लागि गाउँघरका ससाना केटाकेटी किन्नेप्रति र गोबरीले पैसाका निम्ति आफ्नी छोरी बेचबिखन गर्नेप्रति सचेत पात्र इलैयाको असहमतिको भाव अभिव्यञ्जित भएको छ । तसर्थ उसले उक्त असामाजिक र अमानवीय गतिविधिको खुल्लमखुल्ला विरोध गरेको हो भन्ने पुष्टि हुन्छ । प्रतिरोधअन्तर्गत कतिपय अवस्थामा असामाजिक र अव्यावहारिक गतिविधिको खुल्ला विरोध गरिएको हुन्छ । यसमा असहमतिको स्वरसमेत मुखरित भएको हुन्छ (Singh, 2021, p. 121) । प्रस्तुत साक्ष्यमा इलैयाले सर्कसवालाहरूलाई हातपात गरी कुटपिट गर्नुबाट कायिक प्रतिरोधको अवस्थाको चित्रण गरिएको छ ।

*लू* उपन्यासमा विपन्न वर्गीय पात्र मुनियाँले इलैयालाई हातपात गरेर आक्रमण गरेकी सन्दर्भ प्रस्तुत गरिएको छ । आर्थिक पछौटेपनबाट ग्रसित जीवन व्यतीत गरिरहेका गोबरी र मुनियाँले आर्थिक संकटबाट मुक्ति पाउनको निम्ति सीमापारिका सर्कसवालाहरूलाई आफ्नी छोरी बिक्री गर्न खोज्दा इलैयाले त्यसप्रति चासो देखाएकोले मुनियाँले रिसाएर इलैयालाई आक्रमण गरेकी कथ्यवस्तु यसप्रकार रहेको छ, "ऊ सरासर इलैयानेर आई । बाघले जस्तै झम्टिई इलैयामाथि । दुवै हातले इलैयाको कपाल समाती र बेस्मारी जगल्ट्याउन थाली । इलैयाको अनुहारभरि चिथोरी पनि दिई । हातमा पनि क्याप्पै टोकिदिई" (पाण्डे, २०७२, पृ. ५६) । यस साक्ष्यमा निम्न वर्गीय पात्र मुनियाँले इलैयामाथि आक्रोश व्यक्त गरेकी सन्दर्भ अभिव्यञ्जित छ । प्रस्तुत सन्दर्भको पूर्व प्रसङ्ग केलाउँदा के प्रस्ट हुन्छ भने भोकमरीबाट ज्यान जोगाउनको लागि मुनियाँ र गोबरीले आफ्नी छोरीलाई सर्कसवालाकहाँ बेचबिखन गर्न खोज्दा इलैयाले कडा विरोध गरेकोले त्यसबाट असन्तुष्ट र आक्रोशित भई मुनियाँले इलैयामाथि हमला गरेकी हो भन्ने तथ्य उद्घाटित भएको छ ।

उपर्युक्त प्रसङ्गमा मुनियाँको इलैयाप्रतिको कडा विरोधको स्वर मुखरित भएको स्पष्ट छ । मुनियाँ र गोबरीले आफ्नी छोरी सर्कसवालालाई बेच्ने निर्णय गरेको थाहा पाई इलैयाले गोबरीलाई तथानाम गालीगलौज गर्नुका साथै मारपटिसमेत गरेकोले त्यसबाट रिसाएर मुनियाँले इलैयाको अनुहार क्षतविक्षत हुने गरी कोपर्नुका साथसाथै हातमा टोकेकी हो । प्रस्तुत साक्ष्यमा मुनियाँको कायिक प्रतिरोधको अवस्थाको यथार्थपरक प्रस्तुतीकरण भएको छ । मुनियाँ र गोबरीका छोरी बेच्ने निर्णयप्रति इलैयाले असहमति जनाएकोले मुनियाँले त्यसको विरोधस्वरूप इलैयालाई चिथोर्नुका साथै हात टोकेकी हो । भिन्थाजेन प्रतिरोध सदैव शक्तिसँग सम्बन्धित रहने अभिमत प्रस्तुत गर्छन् । यसमा शक्तिका विरुद्ध अस्वीकार र विरोध गरिन्छ (Yumitro and Prasetya, 2024, p. 341) । प्रस्तुत साक्ष्यमा मुनियाँको गतिविधिबाट उसको कायिक प्रतिरोध प्रस्टसँग उजागर भएको छ ।

विवेच्य *लू* उपन्यासमा सहायक पुरुष पात्र बजरङ्गीले रक्सी खाएको झोँकमा आफ्नी पत्नी दुर्गीबाट छोराको चाहना गर्दा दुर्गी त्यसबाट रिसाएर बजरङ्गीमाथि आक्रमण गरेको सन्दर्भ यसरी अभिव्यक्त गरिएको छ, "एक दिन छेदीलालको भट्टीमा गएर मस्तले दारू खाएँ र दारूकै सुरमा आएर दुर्गीलाई भनेँ, मलाई पनि छोरो चाहियो । कि तैँले पाइदे, नत्र अर्की ल्याउँछु । त्यसपछि के चाहियो, दुर्गीले पहिले त दुर्गाकै रूप देखाइहाली । मलाई जगल्ट्याई । अनुहारभरि चिथोरिदिई" (पाण्डे, २०७२, पृ. ८९) । प्रस्तुत साक्ष्यमा बजरङ्गीको पितृसत्तात्मक संरचनाको अहम् जागृत भएको देखिन्छ । त्यसैले उसले कि छोरो पाइदे कि अर्की ल्याउँछु भन्ने अभिव्यक्ति दिएको हो । यस साक्ष्यमा बजरङ्गीले पुरुषत्वको अहंकार प्रदर्शन गरेर आफ्नी पत्नीलाई छोरो पाइदिनका लागि मानसिक रूपले दबाब दिएको प्रस्ट छ । बजरङ्गीले आफ्नी पत्नीलाई आफ्नो अधीनस्थ सम्झेर हेपाहा व्यवहार गरेकोले दुर्गीको नारीत्वको अहम्मा ठेस पुगी उसको आत्मसम्मान र स्वाभिमानसमेत कुठाराघात भएको स्पष्ट छ ।

उपर्युक्त साक्ष्यमा दुर्गीले आफ्नो पति बजरङ्गीको अपमानजनक व्यवहार सहन नसकेर आफ्ना पतिको कपाल लुछेर अनुहारभरि आक्रमण गरेकी यथार्थको अभिव्यञ्जना भएको छ । प्रस्तुत साक्ष्यमा दुर्गीको व्यवहारबाट पतिको अभिव्यक्तिप्रतिको असहमति र विरोधको भावको ध्वनन भएको छ । शक्तिविमर्शको दृष्टिबाट पितृसत्तात्मक सामाजिक संरचनामा बजरङ्गी सत्तासीन भएकोले ऊ प्रभुत्वशाली र दुर्गी अधीनस्थ भएकीले कमजोर देखिन्छे । बजरङ्गीले आफ्नो शक्तिको प्रयोग गरेर दुर्गीलाई हेपेर उपर्युक्त कथन प्रस्तुत गरेको हो । प्रस्तुत साक्ष्यले बजरङ्गीको अभिव्यक्तिमा पितृसत्तात्मक सामाजिक संरचनाको दमनकारी भावलाई इङ्गित गर्दछ । जहाँ शक्तिको प्रयोग र दमन हुन्छ त्यहीँनेर प्रतिरोध पनि हुन्छ । यस सन्दर्भमा पितृसत्तात्मक सङ्कथनको दमनकारी भाव अभिव्यञ्जित भएको छ । मानिसलाई जब

कुनै विषयवस्तु अप्रिय र अपमानजनक लाग्छ त्यतिबेला त्यसको विरोध गर्छ । प्रतिरोधअन्तर्गत समाजमा विद्यमान शत्रुतापूर्ण र अपमानजनक व्यवहारका विरुद्ध कडा प्रतिक्रिया जनाइन्छ (Singh, 2020, p. 218) । यस साक्ष्यमा दुर्गीले अपमानबोध गरेपछि आफ्नो पतिमाथि शारीरिक क्षति पुग्ने गरी निर्मम तरिकाले आक्रमण गरेकी हो जुन कायिक प्रतिरोधको ज्वलन्त उदाहरण हो । यस उपन्यासमा दुर्गीले आफूमाथि सौता हाल्ने कुरा गरेको उसले इलैयालाई सुनाउँदा इलैया क्रोधित भएर बजरङ्गीलाई हप्कीदप्की गरेर हातपात गरेको सन्दर्भ प्रस्तुत गरिएको छ, “इलैयाले दुर्गीको बिलौना सुन्न सकेन । त्यसैले सरासर मकहाँ आएर उसले मेरो कलर समातेर धम्क्यायो, दुर्गीमाथि सौता हालिस् भने तेरो घाँटी रेटिदिन्छु” (पाण्डे, २०७२, पृ. ८९) । यस साक्ष्यमा इलैया दुर्गीलाई बहिनी मानेर माया गर्ने भएको र उसकी बहिनीलाई बजरङ्गीले सौता ल्याएर दुःख दिने धम्कीपूर्ण अभिव्यक्ति दिएकोले इलैयाले बजरङ्गीलाई कुटपिट गरेको हो । इलैया आफ्नी बहिनी दुर्गीलाई असाध्यै माया गर्ने सन्दर्भ प्रस्तुत उपन्यासको कथ्यवस्तुमा छ । तसर्थ उसले आफ्नी बहिनीको भविष्यमा दुःख पाउने बिलौना सहन नसकी बजरङ्गीलाई कठालो समातेर आक्रमण गर्नुका साथै ज्यानै मार्ने धम्कीसमेत दिएको पुष्टि हुन्छ । यस सन्दर्भमा इलैयाको कायिक प्रतिरोध अभिव्यक्त भएको छ ।

*लू* उपन्यासमा नेपालको सीमावर्ती क्षेत्रमा भारतीय प्रहरीहरू नेपालभित्र प्रवेश गरेर नेपाली नागरिकहरूलाई सताएको सन्दर्भको प्रस्तुति छ । यस उपन्यासमा सीमावर्ती भारतीय प्रहरी सब इन्सपेक्टर अमरपाल सिंह नेपाली भूमिभित्र प्रवेश गरेर यहाँको सर्वसाधारण पछुवालाई कुटपिट गर्दा समाजको चेतनशील नागरिक महेसर काकाले विरोध गरेर भारतीय सब इन्सपेक्टर अमरपाल सिंहलाई कुटपिट गरेको कथ्यवस्तु यसरी प्रस्तुत गरिएको छ,

> अनि सहनै सक्नु भएन बुवाले । जुरुक्क उठ्नुभयो र पछुवाको गर्दन समातिरहेको अमरपाल सिंहलाई पछाडिबाट एक लात दिनुभयो । अमरपाल सिंह भुइँमा डङरङङ पछारियो । उसका बाँकी दुई साथीले बुवालाई समात्न खोजे । तर उहाँलाई क्रोधले बलियो बनाइदिएको थियो । उहाँले दुवैलाई एकै पटक धकेलिदिनुभयो । तिनीहरू तीन हात पर भुइँमा पछारिए । (पृ. १३२)

उपर्युक्त साक्ष्यमा महेसर काकाले क्रोधित भएर भारतीय सब इन्सपेक्टर अमरपाल सिंहमाथि मुक्का प्रहार गरेको सन्दर्भ इङ्गित छ । यस सन्दर्भमा स्वाभिमानी एवम् चेतनशील नागरिक महेसर काकाले अर्काको देशबाट आएर आफ्नो सीमानाभित्र गैरनेपाली नागरिकले मनपरी व्यवहार गरेकोप्रति कडा प्रतिक्रिया जनाएको पुष्टि हुन्छ । महेसर आफूलाई स्वतन्त्र र सार्वभौम सत्तासम्पन्न राज्यको नागरिक ठानेर आफ्नो देशभित्र आएर आफ्नै नेपाली दाजुभाइलाई हातपात गर्ने भारतीय सब इन्सपेक्टरमाथि शारीरिक घात हुने गरी आक्रमण

गर्नु भनेको उसको कायिक प्रतिरोधको अवस्था हो । यस साक्ष्यमा छिमेकी राष्ट्रको बहालवाला प्रहरी सब इन्सपेक्टरलाई लात्तीले हिर्काउने साहसले महेशरको सशक्त प्रतिरोधको अवस्थालाई इङ्गित गर्दछ । यस सन्दर्भमा महेशरले आफ्नो प्रभु शक्तिको प्रयोग गरेको प्रस्ट छ । प्रभु शक्तिले निश्चित गतिविधिलाई सीमित गर्नुका साथै रोक्ने कामसमेत गर्दछ । यसले हिंसात्मक गतिविधिलाई रोक्छ साथै दण्डितसमेत गर्दछ (Lilja and Vinthgen, 2014, p. 111) । प्रस्तुत साक्ष्यमा भारतीय सब इन्सपेक्टर अमरपाल सिंहले नेपाली सीमाभित्र अनधिकृत रूपमा प्रवेश गरेर विपन्न वर्गीय एवम् निमुखा पछुवालाई हातपात गरेको देखेर महेशरले आफ्नो प्रभु शक्तिको प्रयोग गरेको हो । यस सन्दर्भमा महेसरले आफूलाई सार्वभौमसत्ता सम्पन्न मुलुकको सचेत नागरिक ठानेर कडा प्रतिरोध जनाएको तथ्य उद्घाटित भएको छ ।

विवेच्य उपन्यासको कथ्यवस्तुमा मुख्य पात्र इलैयाले आफूले मन पराएकी केटीलाई अरू कसैले माया गर्दा उसमा आक्रोश पैदा भएको छ । इलैयाले मन पराएकी नुसरतलाई मुसलमान समुदायकै केटो करिमले मायाप्रिती गरेको इलैयाले थाहा पाउँदा ऊ रिसले रन्थनिएर करिममाथि आक्रमण गरेको सन्दर्भ यसरी अभिव्यक्त गरिएको छ, "जवाफ दिनुको साटो इलैयाले जोडदार मुक्का भ्याच्च मुखैमा बजारिदियो । म रन्थनिएँ । तिरमिराएँ । आँखाअगाडि बाक्लो अँध्यारो देखेँ । मेरा ओठको दाहिने कापबाट तरर्र रगत बग्न थाल्यो । म पूरै डराएँ । तुरूक्कै पिसाब फेरेँ" (पाण्डे, २०७२, पृ. १५९) । यस साक्ष्यमा मुख्य पात्र इलैयाले करिममाथि शारीरिक आक्रमण गरेको प्रस्ट छ । इलैयाले मन पराएकी केटीसँग करिमले माया गर्न थालेको थाहा पाएर इलैयालाई साह्रै नै असह्य भएर उसले करिममाथि साङ्घातिक आक्रमण गरेको हो । आफूले पहिलेदेखि मन पराएकी मुसलमान केटी नुसरतलाई मुसलमान समुदायकै केटो करिमले प्रेम गरेको थाहा पाएपछि इलैयाले आफ्नो धैर्य गुमाएर करिमको अङ्गभङ्ग हुने गरी आक्रमण गरेको स्पष्ट छ । प्रस्तुत सन्दर्भमा इलैयाले करिममाथि शारीरिक आक्रमण गरेर कडा विरोध गर्नुका साथै करिमलाई तर्साउन पनि खोजेको हो । इलैयाले करिमसँग कुराकानी नै नगरिकन एक्कासि जाइलाग्नुले इलैयाको कायिक प्रतिरोधको अवस्थालाई इङ्गित गरेको छ ।

## निष्कर्ष

*लू* उपन्यासमा सीमावर्ती भारतीय प्रहरी, एसएसबी तथा त्यतातिरका स्थानीय राजनीतिकर्मी सबैले सीमावर्ती नेपालीहरू अनेक अनेक लाञ्छना लगाएर दुःख, यातना दिने विषयवस्तुको यथार्थपरक चित्रण गरिएको छ । सीमावर्ती भारतीय बजारमा सामान किन्न गएका नेपाली चेलीहरू सिमानामा भारतीय सुरक्षाकर्मीद्वारा अस्मिता हरण गरिएका तथ्यको उद्घाटन गरिएको छ । यस उपन्यासमा गाउँको चल्तापुर्जा पात्र इलैयाले आफ्नी छोरीलाई

सर्कसको मालिककोमा बेच्ने गोबरीलाई गाली गर्नुका साथसाथै कुटपिट गरेको तथ्यलाई उजागर गरिएको छ। इलैयाले गोबरीलाई कुटपिट गरेर उसकी छोरी बेच्न रोक्दाखेरि त्यसबाट क्रोधित भएर गोबरीकी पत्नी मुनियाँले इलैयालाई शारीरिक रूपमा घाइते हुने गरी आक्रमण गरेकी विषयवस्तु मुखरित भएको छ । मुनियाँले अटेरी जँड्याहा पति गोबरीलाई तथानाम गाली गर्नुका साथै गोबरीको शरीर डामिदिएर वाचिक र कायिक प्रतिरोध गरेकी सन्दर्भ इङ्गित छ। बजरङ्गीले छोरा पाइदे नत्र सौता ल्याउँछु भनेर आफ्नी पत्नी दुर्गीलाई धम्की दिँदा दुर्गीले इलैयालाई सो दुखेसो पोख्दा इलैयाले बजरङ्गीलाई धम्क्याएको सन्दर्भ प्रस्तुत गरिएको छ । इलैयाका बाबु नन्दुले नानपारामा काम गर्ने चमेलीलाई कान्छी पत्नीको रूपमा भित्र्याउँदा इलैयाले चमेलीलाई चरित्रहीन आइमाई भनेर गाली गरेको वास्तविकताको उद्घाटन गरिएको छ। यस सन्दर्भमा इलैयाको आक्रोश व्यक्त भएको हो जसलाई वाचिक प्रतिरोध भन्नु उपयुक्त हुन्छ। यस उपन्यासमा भारतीय नेता तथा गुण्डा शम्भुराम र भारतीय सब इन्सपेक्टर अमरपाल सिंह बिना इजाजत नेपाली भूभाग भित्र प्रवेश गरेर नेपाली नागरिकलाई दुःख, कष्ट दिएका तिनका ज्यादतीको तथ्यपरक चित्रण गरिएको छ। भारतीयहरूले रातारात सीमास्तम्भ सारेर नेपाली भूभाग भारतीय सरहदभित्र पारेका र उक्त विषयवस्तुको बारेमा भारतीय एसएसबीसँग कुराकानी गर्न गएका महेसर भारतीय एसएसबीबाट कुटिएको कटु सत्यको यथार्थपरक प्रस्तुति छ । महेसरले नेपाली स्वाभिमान र आत्मसम्मान अनि सार्वभौमसत्ता सम्पन्न मुलुकलाई जोगाउन भारतीय सब इन्सपेक्टर अमरपाल सिंह माथि हातपात गरेको कायिक प्रतिरोधको सटीक प्रस्तुति छ । भारतीय एसएसबीहरूले सिमानामा जडिबुटी बेच्ने जुम्लीलाई कुट्दा महेसरले प्रतिकार गरेको प्रतिरोधको अवस्थाको यथार्थ चित्रण गरिएको छ । वस्तुतः प्रस्तुत उपन्यासमा सीमान्तीकृत पात्रका प्रतिरोधी अवस्था सशक्त रूपमा उजागर भएको पुष्टि हुन्छ ।

## सन्दर्भसामग्री सूची

कार्की, महेश (२०७२). *नयनराज पाण्डेका उपन्यासमा सबाल्टर्न.* कीर्तिपुर : केन्द्रीय नेपाली विभाग (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध) ।

गौतम, कृष्ण (२०७१). फुको : पुरातात्Œवक, आनुवंशिक तथा नैतिक, *उत्तरसिद्धान्त.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स (पृ.१०४–१२३) ।

पाण्डे, नयनराज (२०६८÷२०७२). *लू.* (पाँचौँ संस्क.), काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

Barker, C. (2004). Resistance, *The SAGE Dictionary of Cultural Studies*. London, Thousand Oaks, New Delhi: SAGE Publications, p. 178.

Foucault, M. (2003). POWER AND INSTITUTIONS, *Routledge Critical Thinkers.* Sara Mills (ed.). London and New York: Routledge Taylor and Fransis Group. (p.33-52) .

Lilja, M. and Vinthagen, S. (2014). Sovereign Power, Disciplinary Power and Bio Power: Resisting What Power with what Resistance. *Journal of political Power*, vol.7, Issue-1, (p.107-126).

Singh, H.(2020). Aspects of Resistance. *Language in India* www.languagein india.com vol.20:12 December (p.218-224).

Singh, P.(2021). Representation of Resistance: Subalternity in the Novels of Roy and Desai. *LITERARY DRUID*, vol-3: SPECIAL ISSUE-1, May (p.117-125).

Yumitro, G. and Prasetya, M. (2014). PESANTREN'S RESISTANCE AGAINST CULTURAL GLOBLIZATION. *Eight Dimensions of Resistance.* https://brill.com (p.335-360).